# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको बैठकका निर्णयहरू

| आयोगको बैठक संख्याः ६३ | निर्णय मितिः २०७९/११/२९ |
|---|---|

## निर्णय नं.: ४१

### आर्थिक वर्ष २०८०/८१ का लागि संविधान र कानूनबमोजिम सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्ने सम्बन्धमा

१. आर्थिक वर्ष २०८०/८१ का लागि संविधान र कानून बमोजिम सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने यसैसाथ संलग्न व्यहोरा तथा विवरण बमोजिमको वित्तीय समानीकरण अनुदानमध्ये संलग्न अनुसूची-१ र अनुसूची-२ बमोजिम प्रदेशतर्फ न्यूनतम अनुदान रू.१४ अर्ब ६६ करोड ६९ लाख, सूत्रमा आधारित अनुदान रू.४१ अर्ब ६५ करोड ३९ लाख र कार्य सम्पादनमा आधारित अनुदान रु.२ अर्ब ३४ करोड ६७ लाख गरी जम्मा रू.५८ अर्ब ६६ करोड ७५ लाख र स्थानीय तहतर्फ न्यूनतम अनुदान रू.२६ अर्ब ४५ करोड २५ लाख, सूत्रमा आधारित अनुदान रू.५७ अर्ब ४० करोड ६३ लाख, कार्य सम्पादनमा आधारित अनुदान रु.३ अर्ब ४९ करोड ४१ लाख, स्थानीय तहमा कार्यरत शिक्षकहरूको पारिश्रमिक तथा सेवा सुविधाको रकम रु.९४ अर्ब ५८ करोड १६ लाख र स्थानीय तहमा कार्यरत स्वास्थ्यकर्मीहरूको पारिश्रमिक तथा सेवा सुविधाको रकम रु. २० अर्ब ७७ करोड ६६ लाख समेत गरी जम्मा रू. २ खर्ब २ अर्ब ७१ करोड ११ लाख सहित कुल जम्मा रू.२ खर्ब ६१ अर्ब ३७ करोड ८६ लाख वित्तीय समानीकरण अनुदान प्रदान गर्न नेपाल सरकारमा सिफारिस गर्ने।

२. बुँदा नं. १ मा स्वीकृत गरिएको वित्तीय समानीकरण अनुदानको सिफारिस नेपाल सरकार अर्थ मन्त्रालय मार्फत नेपाल सरकारमा लेखी पठाउने।

## निर्णय नं.: ४२

### विभिन्न विकास साझेदारसँग सम्बन्धित वैदेशिक सहायता सम्बन्धमा

१. प्रस्ताव नं. ४२ को विषयमा पछि छलफल गरी निर्णय गरिने।

## निर्णय नं.: ४३

### प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कन वापत प्राप्त अन्तिम नतिजा स्वीकृति प्रदान गरी सो सम्बन्धी सूचना आयोगको वेभसाइटमा प्रकाशन गर्न स्वीकृति प्रदान गर्ने

१. प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कन वापत प्राप्त अन्तिम नतिजा स्वीकृति प्रदान गरी सो सम्बन्धी सूचना आयोगको वेभसाइटमा प्रकाशन गर्न स्वीकृति प्रदान गर्ने।